नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, रुकुम (पश्चिम)

## बार्षिक कार्ययोजना, २०७७।०७८

गृह प्रशासन सुधार कार्ययोजना २०७४, श्रीमान् गृह सचिव र प्रमुख जिल्ला अधिकारीबीच सम्पन्न बार्षिक कार्यसम्पादन सम्झौता, प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीलाई प्राप्त जिम्मेवारी, गृह मन्त्रालय तथा प्रदेश तहबाट विभिन्न समयमा प्राप्त निर्देशन, जिल्लाको वस्तुस्थितिको अध्ययन विश्लेषण,जिल्लाका स्थानीय तह, कार्यालय प्रमुख, राजनीतिक दल, उद्योग बाणिज्य संघ, सञ्चार क्षेत्र, नागरिक समाज लगायतका सम्पूर्ण सरोकारवालाहरुसँगको छलफलबाट प्राप्त राय, सुझाव समेतको आधारमा रुकुम(पश्चिम) जिल्लामा शान्ति सुरक्षा तथा सुशासन कायम गरी विकासका कार्यलाई सहजीकरण गर्ने र आम नागरिकमा परिवर्तनको अनुभूति दिलाउने उद्देश्यका साथ यो कार्ययोजना निर्माण गरिएको छ ।

स्थानीय प्रशासन ऐन २०२८, सुशासन ऐन २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ तथा विभिन्न विषयगत ऐन कानुन अनुसार जिल्लाका सबै सरकारी तथा सार्वजानिक निकायहरुमा सुशासन कायम गर्ने गराउने क्षेत्राधिकार जिल्ला प्रशासन कार्यालयमा रहेकोले जिल्ला प्रशासन कार्यालयले आफ्नो कार्यालय सुधारका लागि गर्नुपर्ने क्रियाकलापहरुका अतिरिक्त अन्य सरकारी तथा सार्वजानिक निकायहरुमार्फत सम्पादन गर्ने गरी समेत केही क्रियाकलापहरु समेत यस कार्ययोजनामा समावेश गरिएको छ । यस कार्ययोजनालाई आधार लिई सबै कार्यालयहरुले आ- आफ्नो कार्यालयको वार्षिक सुधार योजना तर्जुमा तथा अद्यावधिक गर्नेछन् ।

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | उपलब्धि सुचक | कैफियत |
|---|---|---|---|---|---|---|
| शान्ति सुरक्षा र अपराध नियन्त्रण | | | | | | |
| १ | Crime Map सहितको एकीकृत जिल्ला सुरक्षा योजना अद्यावधिक गरी लागू गर्ने | जिल्ला सुरक्षा समिति | सुरक्षा निकाय,स्थानीय तह, नागरिक समाज | १ महिनाभित्र | सुरक्षा योजना अद्यावधिक भई कार्यान्वयन हुने | |
| २ | चाडपर्व लक्षित सुरक्षा योजना बनाई लागु गर्ने | जिल्ला सुरक्षा समिति | सुरक्षा निकाय,स्थानीय तह, नागरिक समाज | ७ दिनभित्र | सुरक्षा योजना तयार भई लागू हुने | |
| ३ | सार्वजनिक स्थल र सुरक्षा संवेदनशील क्षेत्रमा CCTV जडान गर्न पहल गर्ने | जिल्ला प्रशासन कार्यालय | विषयगत कार्यालय, स्थानीय तह, उ.वा.सं. | तत्काल शुरु गरी क्रमशः | संवेदनशील स्थानमा CCTV जडान हुने | |
| ४ | समुदाय प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, समुदाय | निरन्तर | स्थानीय समुदायमा प्रहरीको पहुँचमा बृद्धि हुने | |
| ५ | नेपाल प्रहरीको Quick Response Team (QRT) लाई प्रभावकारी बनाई घटनाको तत्काल | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, समुदाय | तत्काल | घटनाको तत्काल Responseहुने | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Response हुने व्यवस्था मिलाउने | | | | | |
| ६ | स्थानीयस्तरमा नागरिक सुरक्षा सञ्जाल गठन गर्ने | सुरक्षा निकाय | स्थानीय तह, नागरिक समाज | ३ महिनाभित्र | नागरिक सुरक्षा सञ्जाल गठन हुने | |
| ७ | Crime Mapping का आधारमा अपराध न्यूनीकरण तथा प्रभावकारी अनुसन्धानको लागि प्रवर्द्धनात्मक Outreach Program सञ्चालन गर्ने। | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | प्रत्येक महिना कम्तिमा ३ वटा कार्यक्रम | अपराधका घटनामा कमी आउने | |
| ८ | अन्तरजिल्ला अपराध न्यूनीकरणका लागि अन्तर जिल्ला समन्वय वैठक तथा जिल्ला सीमा क्षेत्रमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | जिल्ला सुरक्षा समिति | छिमेकी जिल्लाको जिल्ला सुरक्षा समिति, स्थानीय तह | बर्षका कम्तिमा ४ वटा कार्यक्रम | अन्तर जिल्ला अपराध न्यूनीकरण हुने | |
| ९ | जिल्लाभित्र हुने सभा सम्मेलन तथा विरोधका कार्यक्रमलाई व्यवस्थित बनाउने | जिल्ला सुरक्षा समिति | स्थानीय तह | निरन्तर | सभा सम्मेलन व्यवस्थित हुने | |
| १० | प्रहरी कार्यालय/चौकीहरुको नियमित अनुगमन, निरीक्षण गर्ने | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय | निरन्तर | प्रहरी कार्यालय/चौकीहरुको सुधार हुने | |
| ११ | शान्ति सुरक्षाको अनुभूतिको अवस्था पहिचानका लागि सर्वेक्षण गर्ने । | जिल्ला सुरक्षा समिति | स्थानीय तह, सञ्चार माध्यम, आम नागरिक | पौष मसान्त र असार मसान्त | शान्ति सुरक्षाको अनुभूतिको अवस्था पहिचान हुने | |
| **सडक सुरक्षा र नियमन** | | | | | | |
| १२ | राजमार्गमा सवारी चेकजाँचको व्यवस्थालाई प्रभावकारी बनाउने | जिल्ला प्रहरी/ ट्राफिक प्रहरी कार्यालय | स्थानीय तह | तत्काल | ट्राफिक नियमको पालना हुने | |
| १३ | सडकमा हुने अनावश्यक पार्किङ र निर्माण सामग्री थुपार्ने कार्यलाई हटाउने | जिल्ला प्रहरी/ ट्राफिक प्रहरी कार्यालय | डिभिजन सडक कार्यालय स्थानीय तह | तत्काल | सडक अवरोध हट्ने | |
| १४ | सडकको नियमित मर्मत सम्भार गरी चालु अवस्थामा राख्ने | डिभिजन सडक कार्यालय तथा सडक आयोजनाहरु | स्थानीय तह | निरन्तर | सडक नियमित सञ्चालनहुने/ दुर्घटनान्युनीकरण हुने | |
| १५ | सम्बन्धित सरोकारवालाहरुको समन्वयमा ट्राफिकसम्बन्धी जनचेतना जगाउने | जिल्ला प्रहरी/ ट्राफिक प्रहरी कार्यालय | स्थानीय तह | निरन्तर | सडक दुर्घटना न्युनीकरण हुने | |
| १६ | सरकारी सवारी साधनको दुरुपयोग नियन्त्रणका लागि कार्यविधि बनाई लागू गर्ने | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी/ ट्राफिक प्रहरी कार्यालय, सम्पूर्ण कार्यालय | १५ दिनिभित्र | सरकारी सवारी साधनको दुरुपयोग नियन्त्रण हुने | |
| १७ | जुनसुकै बहानामा राजमार्गमा हुने अवरोधलाई आधा घण्टाभित्र हटाई राजमार्ग निर्वाध रुपमा सञ्चालन हुने व्यवस्था मिलाइने | जिल्ला प्रशासन कार्यालय | सबै सुरक्षा निकाय/स्थानीय तहहरु/सडक कार्यालयहरु | निरन्तर | राजमार्ग निर्वाध रुपमा सञ्चालन भएको हुने | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कारागार व्यवस्थापन | | | | | | |
| १८ | कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइने | कारागार कार्यालय | जिल्ला प्रशासन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय | निरन्तर | कैदीबन्दीको नियमित स्वास्थ्य परिक्षण हुने | |
| १९ | खानेपानी, शौचालय लगायत कारागार व्यवस्थापनमा सुधार गर्ने | कारागार कार्यालय | जिल्ला प्रशासन कार्यालय | तत्काल | कारागारको सुरक्षा व्यवस्था मजवुत हुने | |
| २० | कैदीबन्दीहरुका लागि सीपमूलक तालिम सञ्चालन गर्ने | कारागार कार्यालय | जिल्ला प्रशासन कार्यालय | दोस्रो चौमासिक | कैदीबन्दीको क्षमता विकास हुने | |
| सेवा प्रवाहमा प्रभावकारिता र सुशासन प्रवर्धन | | | | | | |
| २१ | सेवासम्बन्धी निवेदनका ढाँचाहरु निशुल्क वितरण गर्ने तथा अनलाईन मार्फत उपलब्ध गराउने | जिल्ला प्रशासन कार्यालय | | १ महिनाभित्र | सेवा प्रवाहमा सहज हुने | |
| २२ | कार्यालयबाट प्रदान गरिने सेवालाई आधुनिक प्रविधिमैत्री बनाउने | जिल्ला प्रशासन कार्यालय | | निरन्तर | सेवासँग सम्बन्धित सूचनामा पहुँच बृद्धि हुने | |
| २३ | रु २५००० भन्दा बढीको भुक्तानीलाई website मार्फत सार्वजनिक गर्ने, गराउने | जिल्ला प्रशासन कार्यालय | सबै कार्यालय | ३ महिनाभित्र | आर्थिक पारदर्शिता हुने | |
| २४ | अशक्त, अपाङ्ग, जेष्ठ नागरिकलाई सेवा प्रवाहमा प्राथमिकता दिने, आवश्यकतानुसार टोकन प्रणाली लागू गर्ने | सबै कार्यालय | | तुरुन्त | सेवा प्रासिको पहुँच सहज हुने | |
| २५ | सेवा प्रवाहमा विचौलियाको उपस्थितिलाई पुर्णरुपमा निषेध गरिने | सबै कार्यालय | | तुरुन्त | अनियमिततामा कमि आई सेवा शुलभ हुने | |
| २६ | स्थानीय तहको सिफारिस भएको खण्डमा सेवा प्रासिका लागि व्यक्तिको निवेदन आवश्यक नपर्ने व्यवस्था मिलाउने | सबै कार्यालय | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | तुरुन्त | सेवाप्रवाह सहज र सुलभ हुने | |
| २७ | आवश्यकतानुसार जिल्लाका विभिन्न स्थानमा सेवा प्रवाहसम्बन्धी एकीकृत जनचेतानामूलक कार्यक्रम र घुम्ति शिविर सञ्चालन गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै कार्यालय | बर्षमा कम्तिमा ४ पटक | सेवाको पहुँच सहज हुने | |
| २८ | कार्यालय प्रमुख बैठक र स्टाफ बैठकलाई नियमित बनाउने | जिल्ला प्रशासन कार्यालय | सबै कार्यालय | हरेक महिना | कार्यालय तथा कर्मचारीबीचको समन्वय प्रभावकारी हुने | |
| २९ | उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई बार्षिक रुपमा | सबै कार्यालय | | भाद्र २२ | कर्मचारीको मनोबलमा बृद्धि | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरस्कृत गर्ने पद्दतिको शुरुवात गर्ने | | | | हुने | |
| ३० | कार्यालयको अभिलेखलाई चुस्त, दुरुस्त र सुरक्षित बनाउने तथा महत्वपूर्ण दस्तावेज Digitization गर्ने । | सबै कार्यालय | | तुरुन्त | अभिलेख व्यवस्थापन प्रभावकारी हुने | |
| ३१ | सबै कार्यालयका नागरिक वडापत्र एकीकृत गरी प्रकाशित गर्ने | जिल्ला प्रशासन कार्यालय | जिसस, स्थानीय तह, लगायत सबै कार्यालय | ३ महिनाभित्र | सेवाबारे एकीकृत जानकारी हुने | |
| ३२ | सेवाग्राही सन्तुष्टी फाराम मार्फत सेवाग्राहीको सन्तुष्टी सर्वेक्षण गरिने | जिल्ला प्रशासन कार्यालय | | १ महिनाभित्र | सेवाग्राहीको सन्तुष्टी मापन हुने | |
| ३३ | सेवाग्राहीप्रतिको कर्मचारी व्यवहारमा सुधार ल्याई मुस्कान सहितको सेवा प्रदान गर्ने | सबै कार्यालय | | तुरुन्त | सेवाग्राहीप्रतिको व्यवहारमा सुधार हुने | |
| ३४ | संस्था दर्ता ऐन अनुसार दर्ता भएका सबै संस्थाहरुको वर्गिकृत विवरण सहितको प्रोफाइल तयार गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, गैसस | ६ महिनाभित्र | गैससको विवरण पारदर्शी हुने | |
| ३५ | राष्ट्रिय परिचयपत्रका लागि नागरिकका वैयक्तिक एवं जैविक विवरण संकलन तथा राष्ट्रिय परिचयपत्र कार्यक्रम व्यवस्थापन गर्ने । | जिल्ला प्रशासन कार्यालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | निरन्तर | कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन हुने | |
| ३६ | व्यक्तिगत घटना दर्ताको अनुपात बढाउने र अनलाइन घटना दर्ता गर्ने कार्यमा स्थानीय तहसँग समन्वय र सहजीकरण गर्ने | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह | हरेक स्थानीय तहमा १ पटक | व्यक्तिगत घटना दर्ताको अनुपात बृद्धि हुने र अनलाइन घटना दर्ता हुने | |
| ३७ | बैङ्किङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यको लागि स्थानीय तह र बैक एवं वित्तीय संस्थाहरुसँग समन्वय तथा सहजीकरण गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, वित्तीय संस्था | हरेक स्थानीय तहमा १ पटक | सामाजिक सुरक्षा भत्ता बैङ्किङ्ग प्रणालीबाट वितरण हुने | |
| **सेवाग्राही मैत्री वातावरणको निर्माण** | | | | | | |
| ३८ | जिल्लास्थित सबै सरकारी कार्यालयहरूमा सेवाग्राही प्रतिक्षालय, खानेपानी र शौचालयको व्यवस्थामा सुधार गरिने | जिल्ला प्रशासन कार्यालय | | १ महिनाभित्र | सेवाग्राही मैत्री वातावरणको निर्माण भएको हुने | |
| ३९ | जिल्लास्थित सबै सरकारी कार्यालयहरूमा सेवाग्राहीमैत्री वातावरण (Free Wi Fi,Television, | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | ३ महिनाभित्र | सेवाग्राहीमैत्री कार्यालय व्यवस्थापन भएको हुने । | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | First Aid Kit, शुद्ध खानेपानी (तातो/चिसो) आदिको व्यवस्था ) निर्माण गर्ने | | | | | |
| ४० | जिल्लास्थित सबै सरकारी कार्यालयहरूमा अपांगमैत्री कार्यालय व्यवस्थापन (परिसर,र्‍याम्प), स्तनपान कक्ष, लैङ्गिकमैत्री शौचालयको व्यवस्थापन गर्ने। | सबै सरकारी निकायहरु | जिल्ला प्रशासन कार्यालय | तत्काल | लैङ्गिक संवेदनशील कार्यालयको रुपमा विकास भएको हुने । | |
| ४१ | जिल्ला प्रशासन कार्यालय परिसरमा सबै स्थानीय तहको पहिचान झल्कने गरी स्तम्भ निर्माण गर्ने। | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह | २०७८ असार मसान्तभित्र | सेवाग्राहीमा अपनत्वको भावना भएको हुने । | |
| ४२ | कार्यालय तथा कार्यालय परिसर सफा, स्वच्छ र हरियालीयूक्त राख्नुका साथै एक कर्मचारी एक विरुवा अभियान कार्यान्वयन गर्ने । | सबै कार्यालय | जिल्ला प्रशासन कार्यालय | तत्काल शुरु गरी निरन्तर | कार्यालय तथा कार्यालय परिसर सफा, स्वच्छ र हरियालीयूक्त हुने | |
| सूचनाको हक कार्यान्वयन | | | | | | |
| ४३ | सबै निकायमा सूचना अधिकारीको अनिवार्य व्यवस्था गरी छुट्टै मोवाइल नम्बरको व्यवस्था गर्ने र सूचना अधिकारीहरुसँग नियमित बैठक गर्ने | सबै कार्यालय | जिल्ला प्रशासन कार्यालय | तुरुन्त शुरु गरी हरेक ३/३ महिनामा बैठक गर्ने | सूचना प्राप्तिमा सहज र सूचना अधिकारीहरुबीच समन्वय हुने | |
| ४४ | हरेक ३/३ महिनामा स्वत:प्रकाशन (Pro active Disclosure) मार्फत कार्यालयका गतिविधिहरु अनिवार्य सार्वजनिक गर्ने | सबै कार्यालय | जिल्ला प्रशासन कार्यालय | हरेक ३ महिनामा | सूचना प्राप्तिमा सहज हुने र कार्यालयको पारदर्शिता बृद्धि हुने | |
| ४५ | कार्यालयको Website, Facebook पेज, सूचनापाटी लगायतको माध्यमबाट कार्यालयसँग सम्बन्धित सूचना र प्रगति विवरण नियमित रुपमा प्रकाशित गर्ने/गराउने | सबै कार्यालय | जिल्ला प्रशासन कार्यालय | तुरुन्त | सूचनाको हकको प्रत्याभूति र पारदर्शिता कायम हुने | |
| ४६ | जिल्ला प्रशासन कार्यालयका समग्र गतिविधिहरू समावेश गरी अर्धवार्षिक र वार्षिक वुलेटिन प्रकाशन गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | माघ पहिलो हप्ता, श्रावण पहिलो हप्ता | कार्यालयका गतिविधिहरु पारदर्शी हुने । | |
| ४७ | सूचना अधिकारीहरुको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै कार्यालय | दोस्रो चौमासिक | सूचना अधिकारीहरुको क्षमता विकास हुने | |
| बजार अनुगमन र उपभोक्ता हित संरक्षण | | | | | | |
| ४८ | उपभोक्ता हित प्रवर्द्धन हुनेगरी स्थानीय तहसंगको समन्वयमा नियमित तथा आकस्मिक रुपमा वजार | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, उद्योग तथा उपभोक्ता हीत संरक्षण | निरन्तर | बजार नियमन हुने | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुगमन गर्ने | | कार्यालय | | | |
| ४९ | स्थानीयस्तरसम्म उपभोक्ता हित संरक्षण सञ्जाल निर्माण गर्न उत्प्रेरित गरी उपभोक्ता हितका सम्बन्धमा जनचेतना जगाउने | उपभोक्ता हीत संरक्षण कार्यालय | स्थानीय तह, उपभोक्ता हीत संरक्षण मञ्च | ३ महिनाभित्र | स्थानीयस्तरसम्म उपभोक्ताप्रति सचेतना फैलने | |
| विपद व्यवस्थापन | | | | | | |
| ५० | विपद जोखिम न्युनीकरणका लागि पूर्व तयारी तथा प्रतिकार्य योजना तथा बाढी पुर्वानुमान तथा प्रतिकार्य योजनाको अद्यावधिक गर्ने | जिल्ला विपद व्यवस्थापन समिति | स्थानीय तह, सरोकारवाला निकाय/संस्था | बर्षात शुरुहुनु भन्दा १ महिना अघि | प्रतिकार्य योजनाको कार्यान्वयन हुने | |
| ५१ | जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) लाई स्रोतसाधन सहित सुदृढीकरण गर्ने | जिल्ला प्रशासन कार्यालय | गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | दोस्रो चौमासिक भित्र | DEOC को सुदृढीकरण हुने | |
| ५२ | सरकारी कार्यालय, कलेज, विद्यालय,होटल लगायतका महत्वपूर्ण भवनहरुमा Fire Extinguisher राख्न आवश्यक पहल गर्ने | जिल्ला विपद व्यवस्थापन समिति | स्थानीय तह, सम्बन्धित निकाय/संस्था | क्रमश: | आगलागी नियन्त्रण गर्न सहज हुने | |
| ५३ | सबै स्थानीय तह समेटिने गरी उपलब्ध Equipment सहितको QRT/IRT को परिचालन योजना तयार गर्ने | जिल्ला विपद व्यवस्थापन समिति | स्थानीय तह, सरोकारवाला संस्था | १ महिनाभित्र | QRT/IRT को परिचालन योजना तयार गर्ने । | |
| ५४ | स्थानीयतहसँगको समन्वयमा सबै स्थानीयतहमा LEOC स्थापना र विपद प्रतिकार्य समिति गठन का लागि समन्वय गर्ने | जिल्ला विपद व्यवस्थापन समिति | स्थानीय तह, सरोकारवाला संस्था | तुरुन्त | स्थानीय विपद प्रतिकार्य समिति गठन हुने | |
| ५५ | विपद्को समयमा उद्धार, राहत, सहजीकरण लगायतका क्रियाकलापको व्यवहारिक अभ्यास सञ्चालन गर्ने | जिल्ला विपद व्यवस्थापन समिति | स्थानीय तह, सरोकारवाला संस्था | बर्षमा २ पटक | व्यवहारिक अभ्यास सञ्चालन हुने | |
| ५६ | कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि सचेतना, जोखिम न्यूनीकरणका उपायको अवलम्बन तथा परीक्षणलाई थप प्रभावकारी बनाउने | जिल्ला संकट व्यवस्थापन केन्द्र | स्थानीय तह, स्वास्थ्य कार्यालय | तत्काल | कोभिड-१९ को रोकथाम र नियन्त्रणको कार्य प्रभावकारी हुने | |
| ५७ | विपद व्यवस्थापनमा उल्लेख्य योगदान गर्ने नागरिक र समूहलाई सम्मान गर्ने | जिल्ला विपद व्यवस्थापन समिति | स्थानीय तह | निरन्तर | विपद व्यस्थापनमा योगदान गर्नेको मनोबल बृद्धि हुने | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम)

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **समन्वय र सहजीकरण** | | | | | | |
| ५८ | संघीय, प्रादेशिक, जिल्लास्तरका कार्यालय, स्थानीय तह लगायत सम्बद्ध सबै पक्षसँग समन्वय गरी विकास निर्माण र सेवा प्रवाहलाई सहजीकरण गर्ने | जिल्ला प्रशासन कार्यालय | संघीय/प्रादेशिकमन्त्रालय, जिसस, स्थानीय तह | निरन्तर | विभिन्न तहका सरकारवीच समन्वय प्रभावकारी हुने | |
| ५९ | सबै स्थानीय तहका जनप्रतिनिधहरुसँग अन्तर्क्रिया, समन्वय तथा क्षमता विकास गर्ने | जिल्ला प्रशासन कार्यालय | जिसस, स्थानीय तह, विषयगत कार्यालयहरु | तत्काल शुरु गरी निरन्तर | विकास निर्माण तथा सेवा प्रवाहमा सुधार हुने | |
| **सार्वजनिक सम्पत्ति संरक्षण** | | | | | | |
| ६० | सरकारी तथा सार्वजनिक सम्पत्ति र महत्वपूर्ण प्रतिष्ठानहरुको अभिलेख अद्यावधिक गर्ने | जिल्ला प्रशासन कार्यालय | जिसस, स्थानीय तह, विषयगत कार्यालयहरु | तत्काल शुरु गरी निरन्तर | सार्वजनिक सम्पत्ति अभिलेख अद्यावधिक हुने | |
| ६१ | सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमणसम्बन्धी विवरण तयार गरी सोसम्बन्धी उजुरी/गुनासोको सम्बोधन गर्ने | जिल्ला प्रशासन कार्यालय | जिसस, स्थानीय तह, विषयगत कार्यालयहरु | तत्काल शुरु गरी निरन्तर | सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रण हुने | |
| ६२ | नदीजन्य पदार्थको अवैध उत्खनन्, ओसारपासर तथा निकासीलाई नियन्त्रण गर्ने | जिल्लास्तरीय अनुगमन समिति | जिसस, जिल्ला प्रशासन कार्यालय स्थानीय तह, सुरक्षा निकायहरु | तत्काल शुरु गरी निरन्तर | नदीजन्य पदार्थको अवैध उपयोग नहुने | |
| **लागू औषध तथा मदिरा नियन्त्रण** | | | | | | |
| ६३ | मदिराजन्य पदार्थ वेचविखन तथा सेवन कार्यलाई व्यवस्थित बनाउने | जिल्ला प्रशासन कार्यालय | जिसस, स्थानीय तह, जिल्ला प्रहरी कार्यालय | १ महिनाभित्र | मदिराजन्य पदार्थ वेचविखन तथा सेवनमा नियन्त्रण भई अपराधमा कमी आउने | |
| ६४ | स्थानीय तहहरूमा लागू औषध तथा मदिराजन्य पदार्थ नियन्त्रण सहयोग समितिहरु गठन गर्न समन्वय गर्ने | जिल्ला प्रशासन कार्यालय | जिसस, स्थानीय तह, जिल्ला प्रहरी कार्यालय | तत्काल शुरु गरी निरन्तर | स्थानीय स्तरमासमितिहरु गठन हुने | |
| ६५ | जिल्लास्तरीय लागू औषध नियन्त्रण कार्ययोजना बनाई लागू गर्ने | जिल्ला प्रहरी कार्यालय | स्थानीय तह,कोलेनिका, गैससहरु | ७ दिनभित्र | कार्ययोजना तयार भई लागू हुने | |
| ६६ | अवैध रुपमा खेती गरिएका गाँजा, अफिम लगायतका लागु पदार्थजन्य खेती तथा उत्पादन नष्ट गर्ने | जिल्ला प्रशासन कार्यालय | सुरक्षा निकाय, स्थानीय तह | तत्काल शुरु गरी निरन्तर | लागु पदार्थजन्य खेती नष्ट हुने | |
| ६७ | लागू औषधको उत्पादन तथा कारोबारमा संलग्न | जिल्ला प्रशासन कार्यालय | सुरक्षा निकाय, स्थानीय तह | तत्काल शुरु गरी | लागू औषधको उत्पादन तथा | |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यक्तिहरुको पहिचान निगरानी तथा खोजी गरी कानुनी कारवाही गर्ने | | | निरन्तर | कारोबार नियन्त्रण हुने | |
| जनसम्पर्क तथा गुनासो सुनुवाही | | | | | | |
| ६८ | शान्ति सुरक्षा, विपद, सेवा प्रवाह, सुशासनसम्वन्धी उजुरी तथा गुनासो सम्वोधन गर्न जिल्ला प्रशासन कार्यालयमा Hotline मार्फत २४ सै घण्टा उजुरी, गुनासो सुनुवाई हुने संयन्त्र विकास गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय, स्थानीय तह, राजनैतिक दल, सञ्चार माध्यम | पहिलो चौमासिक भित्र | सुशासन प्रवर्द्धन गर्न सहयोग पुगेको हुने । | |
| ६९ | सबै सरकारी र सार्वजनिक निकायहरुमा अनिवार्यरुपमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय, स्थानीय तह | १५ दिनभित्र | नागरिकका गुनासो सम्बोधन हुने | |
| ७० | सबै कार्यालयको सहभागितामा सार्वजनिक सुनुवाही सञ्चालन गर्ने | स्थानीय तह | सबै कार्यालय | बर्षमा कम्तिमा ३ पटक | नागरिकप्रतिको जवाफदेहिता बृद्धि हुने | |
| अनुगमन, मूल्यांकन | | | | | | |
| ७१ | सबै सरकारी निकायहरुको नियमित तथा आकस्मिक अनुगमन गर्ने | जिल्ला प्रशासन कार्यालय | सरोकारवाला निकाय | नियमित तथा आकस्मिक | सेवा प्रवाहमा सुधार हुने | |
| ७२ | महत्वपूर्ण विकास आयोजनाहरुको अनुगमन गरी सहजीकरणका लागि पहल गर्ने | जिल्ला प्रशासन कार्यालय | सरोकारवाला निकाय | नियमित | विकास निर्माणमा सहजीकरण हुने | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

..................

(बद्रीनाथ गैह्रे)

प्रमुख जिल्ला अधिकारी

मितिः २०७७।०६।१९

प्रमुख जिल्ला अधिकारी